nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक

19°C । वर्ष :११, अंक : १२६ पृष्ठ ४ । शुक्रबार २५ पुस २०८२ । FRIDAY, JANUARY 09, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## रहबर अन्सारीद्वारा नेकपा माओवादी केन्द्र परित्याग



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२४ पुस ।**

नेकपा माओवादी केन्द्रका साविक वैकल्पिक केन्द्रीय सदस्य तथा मधेस प्रदेश सभा सदस्य रहबर अन्सारीले पार्टी परित्यागको घोषणा गरेका छन् । उनले बिहीबार हुलाकमार्फत पार्टीमा राजीनामापत्र पठाउँदै औपचारिक रूपमा पार्टी सदस्यता त्यागेका हुन् । राजीनामापत्रमा अन्सारीले पार्टी नेतृत्वप्रति तीखो असन्तुष्टि व्यक्त गरेका छन् । उनले नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मधेस प्रदेशमा सुनाएको उर्दू सायरी–"सागर के तुफान को भी हमने बस में किया है"–उद्धृत गर्दै त्यो अभिव्यक्ति अब केवल स्मृतिमा मात्र सीमित भएको टिप्पणी गरेका छन् । उनका अनुसार पार्टीले साहस, इमानदारी र जोखिम लिन सक्ने राजनीतिक चरित्र गुमाइसकेको छ । यही कारण आफू अब पार्टीभित्र रहिरहन नसक्ने निष्कर्षमा पुगेको उनले बताएका छन् । 'म यो विरोधाभासको हिस्सा बन्न सक्दिनँ । यही बोधका साथ समाजवादी क्रान्ति जिन्दावाद भन्दै म पार्टी सदस्यताबाट विदा लिन्छु,' अन्सारीले राजीनामापत्रमा उल्लेख गरेका छन् ।

## २२ किलो चरेससहित दुई जना पक्राउ



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२४ पुस ।**

पर्सा प्रहरीले ग्यालेनभित्र लुकाएर ओसारपसार गर्न लागिएको २२ किलो चरेससहित दुई जनालाई पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय पोखरिया र अस्थायी प्रहरी पोष्ट बहुअर्वाभाट्टाबाट खटिएको संयुक्त टोलीले बिहीबार बिहान करिब ६ बजे बिन्दवासिनी गाउँपालिका-२ स्थित गर्दौल चोकपूर्व पोखरिया-वीरगञ्ज सडकखण्डमा उनीहरूलाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका-१५ मुर्लीका २० वर्षीय रैयस अली र पोखरिया नगरपालिका-८ जगतपुर बस्ने ५५ वर्षीय मुनिलाल पटेल रहेका छन् । प्रहरीले जाँच गर्दा उनीहरूले बोकेको कालो झोलाभित्र रहेको ग्यालेनको मुखमा घिउ राखी भित्र चरेस लुकाइएको अवस्थामा फेला पारेको जनाएको छ । प्रहरीका अनुसार रैयस अलीले बोकेको ग्यालेनबाट १० किलो ६ सय ग्राम चरेस र १ हजार ५ सय ५० रुपैयाँ नगद बरामद भएको छ । त्यस्तै, मुनिलाल पटेलले बोकेको ग्यालेनबाट ११ किलो ४ सय ग्राम चरेस र २ हजार ९ सय रुपैयाँ नगद फेला परेको छ । पक्राउ परेका दुवै जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको पर्सा प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिए ।

## सशस्त्र प्रहरी दिवसमा महिला कैदीबन्दीलाई न्यानो कपडा



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२४ पुस ।**

सशस्त्र प्रहरी बल, नेपाल नं १३ गण हेडक्वार्टर पर्साले २५औँ सशस्त्र प्रहरी दिवसका अवसरमा सामाजिक सेवामूलक कार्यक्रम सञ्चालन गरेको छ । दिवसको अवसरमा सशस्त्र प्रहरीले बीरगन्ज कारागारमा रहेका ६२ जना महिला कैदीबन्दीलाई सल वितरण गरेको छ भने उनीहरूसँग रहेका पाँच जना बालबालिकालाई पनि न्यानो कपडा उपलब्ध गराएको छ । सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेडक्वार्टरका गणपति तथा

बाँकी तेश्रो पृष्ठमा⇨

## पोखरीया नगरपालिकाद्वारा जनहितमा जारी संदेश

प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेसका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।

### बच्ने उपायहरु

- गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने ब्यबस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेबन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आई परेमा, ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका वन्द गरेर सुत्नु हुंदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा वच्चाहरुलाई एक्लै नछोडौं ।

छरछिमेकमा कोहि बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।

## वीरगन्जमा आँपको रुखमा श्री हनुमानजीको आकृति देखिएपछि श्रद्धालुको भीड




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२४ पुस ।**

वीरगञ्ज महानगरपालिका-१० स्थित बौधिमाई मन्दिर पछाडि रहेको आँपको रुखमा भगवान् श्री हनुमानजीको स्पष्ट आकृति देखिएपछि क्षेत्रभर धार्मिक उत्साह फैलिएको छ । आकृति दर्शनका लागि वीरगञ्जसहित पर्सा, बारा र सीमावर्ती भारतीय सहरहरूबाट हजारौं श्रद्धालुहरूको भीड लाग्न थालेको छ । आकृति पहिलो पटक बुधबार साँझ देखिएको बताइएको छ। स्थानीय एक महिलाले घाँस काट्ने क्रममा रुखको बोक्रामा श्री हनुमानजीको आकृति देखेपछि छिमेकीहरूलाई जानकारी गराएकी थिइन् । त्यसपछि साँझ करिब ५ बजेदेखि नै श्रद्धालुहरूको ओइरो लाग्न थालेको थियो । बिहीबार बिहानैदेखि श्रद्धालुहरूको सङ्ख्या झनै बढेको छ । स्थानीयहरूले आकृतिलाई साक्षात् भगवान् श्री हनुमानजीको प्रकटीकरण मानेर रुखको फेदमा फूल, धूप, दीप र प्रसाद चढाउँदै पूजापाठ सुरु गरेका छन् । बौधिमाई मन्दिरका पुजारी ददन ओझाले आकृति देखिएयता दिनरात श्रद्धालुहरूको भीड लागिरहेको जानकारी दिए । उनले यस घटनालाई भगवान्को कृपाका रूपमा व्याख्या गर्दै श्रद्धालुहरूलाई दर्शनका लागि आउन आग्रह गरेका छन्। वडा नं. १० का वडाध्यक्ष सुशील कुमार कानुले धार्मिक आस्थाको सम्मान गर्दै आकृतिको संरक्षणमा ध्यान दिइने बताए । श्रद्धालुहरूको सुविधा र व्यवस्थापनका लागि वडा कार्यालय तयारी अवस्थामा रहेको उल्लेख गर्दै दीर्घकालीन रूपमा महानगरपालिकासँग समन्वय गरी संरक्षण तथा मन्दिर निर्माणको कार्यक्रम अघि बढाउन सकिने उनको भनाइ छ । श्रद्धालु तथा स्थानीय अगुवाहरूले आकृतिको संरक्षण गर्दै सो स्थानमा भव्य हनुमान मन्दिर निर्माण गर्न माग गरेका छन् । उनीहरूका अनुसार यसले धार्मिक आस्थासँगै पर्यटकीय महत्त्वसमेत बढाउनेछ । घटनाले वीरगञ्जमा धार्मिक उत्साह र एकताको वातावरण सिर्जना गरेको छ । श्रद्धालुहरूको सङ्ख्या बढ्दै गएकाले सुरक्षा र व्यवस्थापनतर्फ पनि ध्यान दिनुपर्ने देखिएको छ ।

## भ्रष्टाचार बढ्दै गएपछि कलैया यातायातका ट्रायल प्रमुखमाथि मोबिल प्रहार



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२४ पुस ।**

भष्टचार बढदै गएपछि बाराको कलैयास्थित यातायात व्यवस्था कार्यालयमा कार्यरत कर्मचारी जीवनरमण पौडेलमाथि मोबिल प्रहार गरिएको छ । कलैया उपमहानगरपालिका-३ गंगापुरस्थित यातायात व्यवस्था कार्यालयमा ट्रायल प्रमुखका रूपमा कार्यरत पौडेलमाथि सोमबार कार्यालय परिसरमै अज्ञात व्यक्तिले मोबिल प्रहार गरेको हो । आफूलाई 'जेन-जी अगुवा' बताउने एक युवाले घटनाको जिम्मेवारी लिँदै सामाजिक सञ्जालमा सार्वजनिक भिडियोमार्फत दाबी गरेका छन् । यद्यपि, घटनाको स्पष्ट कारण भने खुल्न सकेको छैन । घटनापछि जिल्ला प्रहरी कार्यालय बाराले कार्यालय परिसरमा जडान गरिएको सिसिटिभी क्यामराको फुटेजका आधारमा संलग्न व्यक्तिको पहिचान गर्दै घटनाबारे अनुसन्धान सुरु गरिएको जनाएको छ । प्रहरीले घटनामा संलग्न व्यक्तिको खोजी तीव्र पारिएको बताएको छ ।

नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### त्रिविको जग्गा खोजी

राज्यको सम्पत्तिमाथि गैरकानुनी दोहन अवाञ्छनीय हुन्छ । नेपालमा युगौंदेखि राज्यका सम्पत्तिलाई निजी स्वार्थमा दोहन गर्ने परिपाटीका कुरूप विविधता छन् । सार्वजनिक जग्गा अतिक्रमण गर्ने प्रवृत्ति राज्य सम्पत्ति दोहनकै रूप हो । सरकारी तथा गुठीका जग्गा अतिक्रमणको लामै फेरिस्त हुन सक्छ । जग्गा अतिक्रमित हुनेमा त्रिभुवन विश्वविद्यालय यताका महिनामा चर्चाको शिखरमा छ । त्रिविको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ सार्वजनिक भएपछि यो चर्चा व्यापक भएको हो । प्रतिवदेन सार्वजनिक भएको तीन महिना भयो । अतिक्रमणमा परेका जग्गा फिर्ता ल्याउने विषय के कसो भयो भन्नेबारेमा चियोचर्चा हुन थालेको छ । दु:खलाग्दो कुरा अतिक्रमित जग्गा फिर्ता ल्याउन देखिने गरी कुनै प्रगति भएको पाइएको छैन । समितिले त्रिविको जग्गा विभिन्न व्यावसायिक तथा सामाजिक संस्थालगायतबाट अतिक्रमणमा परेको तथ्यसहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो । प्रतिवेदन निकै समय त्यसै राखियो । असोज अन्तिम साता भने प्रतिवेदन सार्वजनिक भयो । प्रतिवेदन कार्यान्वयनका लागि फेरि अर्को समिति बनाउने तयारीसम्म भए पनि कामले खासै गति लिएको छैन । काम गर्नुभन्दा कुरा बढी हुने प्रवृत्ति सबैतिर देखिन्छ र यो विषयमा पनि कामलाई कुराले ढाकछोप गर्ने हो कि भन्ने आशङ्का बढेको छ । कसको नेतृत्वमा प्रतिवेदन कार्यान्वयन समिति बनाउने भन्ने विषयमा मतभेद देखिएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र त्रिविबिच जग्गा फिर्ता गर्ने विषयमा कुरा मिलेको छैन । पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा २०८१ जेठ १७ गते त्रिविको जग्गा खोजबिन गर्न समिति गठन भएको थियो । समितिले २०८१ पुसमा सरकारलाई प्रतिवेदन बुझाएको थियो । प्रतिवेदनले त्रिविको नाममा रहेको जग्गामा निजीदेखि धार्मिक प्रकृतिका १८ वटा संस्थाले रजाइँ गरिरहेको औंल्याएको थियो । विगतमा विश्वविद्यालयकै पदाधिकारी र कर्मचारीको मिलेमतोमा ती जग्गा विभिन्न स्वार्थ जोडिएका संस्थाले आफूखुसी भोगचलन गरिरहेको प्रतिवेदनमा उल्लेख नै छ । त्रिविको स्वामित्वमा पाँच हजार २१८ रोपनी जग्गामध्ये नैकापमा रहेको १२५ रोपनी जग्गाको स्रेस्ता कायम हुन बाँकी छ । त्यसै गरी ८४३ रोपनी जग्गा विभिन्न संस्थाले भोगचलन गर्दै आएका छन् । केही जग्गा विश्वविद्यालयको स्वीकृतिबिना नै भोगचलन भइरहेको पाइएको छ । प्रतिवेदन अनुसार गणतन्त्र स्मारकलाई ६० रोपनी, बिपी कोइराला प्लानेटोरियमलाई १६० रोपनी, कृषि बागवानी केन्द्रलाई २८१ रोपनी, आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रलाई २५ रोपनी जग्गा विभिन्न समयमा उपलब्ध गराइएको छ ।

त्यसै गरी काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई १०७ रोपनी, महानगरीय प्रहरी वृत्त कीर्तिपुरलाई पाँच रोपनी, महानगरीय प्रहरी वृत्त कालीमाटीको शाखा विस्तारका लागि विश्वविद्यालयपरिसरमै चार रोपनी दिइएको पाइएको छ । त्यस्तै नेपाल प्राध्यापक सङ्घलाई छ रोपनी १२ आना, ग्लोबल आइएमई बैङ्क, क्रिकेट रङ्गशाला, लायन्स क्लब इन्टरनेसनल तथा नेपाल बैङ्कसमेतलाई गरेर ७६ रोपनी चार आना जग्गा त्रिविले उपलब्ध गराएको पाइएको छ । सडक वा अन्य प्रयोजनका निम्ति पनि त्रिविको जग्गा अतिक्रमित भएको पाइन्छ ।

त्रिविको जग्गा यसरी अलपत्र गर्न पाइन्छ ? यो प्रश्नले धेरैअघिदेखि पोलिरहेकाले नै समिति बनेर खोजबिन गरियो । प्रतिवेदन सार्वजनिक भएपछि त्यसको कार्यान्वयनलाई प्रभावकारी बनाउन सरकारको पनि नगएको होइन । विश्वविद्यालयका कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री सुशीला कार्कीले कात्तिक अन्तिम साता विश्वविद्यालयका पदाधिकारीलाई बोलाएर जग्गा खोज्न निर्देशनसमेत दिनुभयो । असम्बन्धित सङ्घ संस्था र व्यक्तिले त्रिविको जग्गा ओगट्ने, बल भएकै आधारमा मिचेर खाने र बेचबिखनसमेत गर्ने प्रवृत्ति तत्काल रोक्न निर्देशनसमेत दिनुभयो । समितिको प्रतिवेदन कार्यान्वयन गराउने र त्रिविका बाँकी जग्गा पनि खोजबिन गर्ने कार्यभार तोकेर अर्कै उच्चस्तरीय समिति बनाउनुपर्ने पक्षमा त्रिविका पदाधिकारी रहेको समाचार सार्वजनिक भएको छ ।

त्रिविका थप जमिन पनि हराइरहेको समाचार पनि यसअघि आएका थिए । त्रिविका उपकुलपति प्राडा दीपक अर्यालको भनाइमा उपत्यकाभित्र मात्र नभएर बाहिर पनि त्रिविको जमिन मिचिएको छ, अलपत्र पारिएको छ र त्यसका निम्ति सरकारले नै समिति बनाएर काम गर्नुपर्ने मत पनि छ तर सरकार थप समिति बनाउने पक्षमा देखिएको छैन । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुन त्रिविको जग्गा फिर्ता ल्याउन त्रिविकै रजिस्ट्रारको नेतृत्वमा समिति बनाउनुपर्ने अडानमा हुनुहुन्छ । त्रिविकै रजिस्ट्रारको नेतृत्वमा शिक्षा मन्त्रालय, गृह मन्त्रालयलगायतका निकायका अधिकारी सदस्य रहेको समिति बनाउनुपर्ने विषय जायजै देखिन्छ । त्रिविले आफ्नो जग्गाजमिन संरक्षण गर्न नसक्नु कमजोरी हो । कमजोरी सुधार गरेर अगाडि बढ्नु जरुरी छ ।

# ढिलो न्यायले कमजोर बनाएको जनआस्था



**रोशन आउजी**

न्यायालय लोकतन्त्रको मेरुदण्ड हो । राज्यको सम्पूर्ण शक्ति संरचना नागरिकको अधिकार संरक्षण र न्यायको प्रत्याभूति गर्न केन्द्रित हुन्छ । तर जब न्याय ढिलो हुन्छ, त्यो केवल प्रक्रियागत कमजोरी मात्र होइन, संविधानले प्रत्याभूत गरेको मौलिक अधिकारको प्रत्यक्ष उल्लंघन बन्न पुग्छ । यही सन्दर्भमा 'न्यायमा ढिलाइ भनेको न्यायको अस्वीकार हो' भन्ने सिद्धान्तले आज झनै गहिरो अर्थ बोकेको छ । नेपालमा अदालतहरूको कार्यसम्पादन, विशेष गरी आपत्कालीन तथा संवेदनशील मुद्दामा, अझै पनि नागरिकको अपेक्षा अनुरूप हुन सकेको देखिँदैन । यसले अदालतप्रतिको जनआस्था कमजोर बनाउँदै लगेको यथार्थलाई अब बेवास्ता गर्न सकिँदैन ।संविधानले न्यायमा पहुँचलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ । संविधानको मर्म स्पष्ट छ न्याय केवल उपलब्ध हुनु पर्याप्त होइन, त्यो समयमै र प्रभावकारी रूपमा उपलब्ध हुनुपर्छ । तर व्यवहारमा हेर्दा थुनामा रहेका व्यक्तिका हक, मानवअधिकार उल्लंघन, निर्वाचन, संवैधानिक निकायका विवाद, अभिव्यक्ति स्वतन्त्रता, जीवन र व्यक्तिगत स्वतन्त्रतासँग सम्बन्धित मुद्दाहरूमा समेत ढिलासुस्ती देखिनु चिन्ताको विषय हो । नेपालमा २६ हजारभन्दा बढी मुद्दा विचाराधीन छन् । कतिपय त हालको संविधान आउनुभन्दा पहिलेका पनि छन् । यस्तो ढिलाइले अदालतप्रतिको विश्वास डगमगाउँदै गएको देखिन्छ । आपत्कालीन अवस्थामा वा आपत्कालीन विवादमा प्रक्रियागत ढिलाइ गर्नु भनेको न्यायबाट वञ्चित गरिनु हो । बिरामीआपत्कालीन अवस्थामा भएपछि आपत्कालीन वार्ड (इमर्जेन्सी) मा सिधै लगिन्छ र चिकित्सक पनि २४ घण्टा नै परिचालित हुन्छन् । यसैगरी अदालतमा न्याय माग्न आउने न्याययाचकहरू पनि बिरामीसरह नै हुन्, त्यसैले उनीहरूको समस्यालाई पनि छिटै समाधान गरिनुपर्छ । यसमा प्रक्रियागत ढिलाइका नाममा राज्य र न्यायालयले पन्छिन हुँदैन । त्यसैले न्याय पाउनु हरेक व्यक्तिको मौलिक हक हो, यसमा ढिलाइ हुनु भनेको मौलिक हकको हनन गर्नु हो र मौलिक हकबाट नागरिकलाई वञ्चित गर्नु हो । त्यसैले नेपालमा २४ घण्टा नै सञ्चालन हुने आपत्कालीन इजलास अत्यावश्यक देखिन्छ । म स्वयंलाई सवार स्कुटरलाई ७ पुसमा पछाडिबाट बाइकले हान्दा दुवै घाइते भयौं । बाइक चालकको गति अधिक उनी बढी गम्भीर घाइते भए । मेरो स्कुटर र बाइक प्रहरीद्वारा नियन्त्रणमा लिइयो र ६ दिनसम्म राखियो । म निर्दोष थिएँ भन्ने मेरो दाबी छ, तर मेरो स्कुटर नियन्त्रणमा राखियो । त्यसै क्रममा मेरो स्कुटर बिग्रियो । कुन व्यक्तिले उपचार खर्च व्यहोर्ने भन्ने कुराको निर्णय पनि भएन । न्याय पाउन हामीले धेरै समय कुर्नुपर्‍यो । उक्त समयमा आपत्कालीन इजलासको व्यवस्था भइदिएको भए हामी दुवैले समयमै न्याय पाउने थियौं र मेरो स्कुटर पनि बिग्रिने थिएन र घाइतेको उपचार पनि समयमै हुने थियो । त्यस्तै कारणले नेपालमा मानिसको न्यायप्रतिको विश्वास खस्किँदै गएको छ । नेपालमा न्याय पाउन ढिलाइ हुने अवस्थालाई न्यूनीकरण गर्न र न्यायालयप्रति नागरिकको आस्थालाई कायम राख्नका लागि विश्वमा विकसित न्याय प्रणालीहरूले अपनाएका अभ्यासहरूबाट महत्त्वपूर्ण शिक्षा लिन सकिन्छ । आपत्कालीन इजलासको व्यवस्था विश्वका धेरै न्यायालयमा अभ्यास हुँदै आएको छ । छिमेकी मुलुक भारत र पाकिस्तानकै उदाहरण हेर्न सकिन्छ । यस्तो इजलासको व्यवस्था भारतमा सबैभन्दा स्थिर र विकसित देखिन्छ, त्यहाँको सर्वोच्च अदालतले अर्जेन्ट बेञ्च, भ्याकेसन बेञ्च तथा स्पेसल बेञ्च गठन गरी नागरिकको मौलिक अधिकार, हिरासतमा रहेका व्यक्तिको हक, निर्वाचन विवाद, मृत्युदण्ड स्थगन जस्ता विषयमा तुरुन्त सुनुवाइ गरिरहेको छ । विशेषगरी भारतको 'याकुब मेमोनविरुद्ध महाराष्ट्र राज्य (२०१५)' मुद्दामा मध्यराति इजलास बसेको उदाहरण अत्यन्त प्रख्यात सन्दर्भ हो । 'ढिलाइले न्यायलाई पराजित गर्दछ' भन्ने सिद्धान्तलाई सर्वोच्च प्राथमिकतामा राखेको देखिन्छ । पाकिस्तानमा समेत सर्वोच्च अदालतले मानवअधिकार सेल बेञ्च, आकस्मिक (अर्जेन्ट) बेञ्च तथा 'सुओ मोटो बेञ्च' मार्फत नागरिकको अधिकारसम्बन्धी मुद्दामा आकस्मिक सुनुवाइ गर्दै आएको छ । बंगलादेशमा पनि सर्वोच्च अदालतले अर्जेन्ट मोसन बेञ्च सञ्चालन गर्छ, जहाँ मौलिक अधिकारको उल्लंघन, गैरकानुनी थुनामा राख्ने तथा सार्वजनिक सरोकारका मुद्दाहरूलाई तत्काल सुन्ने प्रचलन छ । बंगलादेशको संविधानको धारा १०२ अनुसार मौलिक अधिकारको प्रवर्तनको मुद्दा (रिट) तुरुन्त सूचीकरण गर्ने अभ्यास नेपालमा पनि समान रूपमा प्रयोग गर्न सकिने सशक्त सन्दर्भ हो । पश्चिमी देशका प्रणाली हेर्दा बेलायतमा माथिल्ला तहका अदालतले अकस्मिक निवेदन दर्ता गर्ने गर्छन् । यो प्रणाली विशेषगरी मानवअधिकार ऐन, १९९८ सुरक्षा, आप्रवासनसम्बन्धी हिरासत र आपत्कालीन रूपमा निरूपण गरिनुपर्ने मुद्दा मामिलाहरूमा तुरुन्त सुनुवाइ सुनिश्चित गर्न लागू गरिएको हो ।

साथै संयुक्त राज्य अमेरिकामा अमेरिकी सर्वोच्च

बाँकी तेश्रो पृष्ठमा⇨

# नेतृत्वलाई प्रश्न- शक्ति बाँड्ने कि प्रतिरोध भोग्ने ?

**नीरज गौतम**

विश्वभर एउटा मौन तर गहिरो परिवर्तन भइरहेको छ । यो परिवर्तन कुनै एक देशको सीमाभित्र सीमित छैन, न त यो केवल सामाजिक सञ्जालमा चल्ने ट्रेन्ड मात्र हो । यो परिवर्तन मानिसको मन, परिवार, क्याम्पसका गल्ली, कार्यस्थलका बैठक र सडकका नारा-निसानामा देखिन थालेको छ । लामो समयदेखि स्वाभाविक र अपरिहार्य ठानिँदै आएको नि:सर्त आज्ञापालनको संस्कृति क्रमश: क्षय हुँदै गएको छ । युरोपका सडकमा देखिएका जलवायु मार्च, अमेरिकाका विश्वविद्यालय र क्याम्पसमा उठेका विद्यार्थी आन्दोलन र दक्षिण एसियामा भ्रष्टाचार, असमानता तथा बहिष्कारविरुद्ध उभिएका युवा अभियान- यी सबैको गहिरो अर्थ एउटै हो पुराना नेतृत्व शैलीले अब काम गर्दैनन् । हामीले कहिल्यै नसोधेका प्रश्नहरू आजका युवाले सोधिरहेका छन्- किन यस्तो व्यवस्था ?, किन यस्तो अन्याय ?, किन यस्तो दूरी ? र, हामीलाई किन सुनिँदैन ? जेन-जीलाई प्राय: अधैर्य, विद्रोही वा अत्यधिक आदर्शवादी भनेर चित्रित गरिन्छ, तर त्यो चित्र अधुरो छ । वास्तविकतामा, यो पुस्ता नेतृत्वकै विरुद्ध उभिएको होइन । बरु दूरी बनाउने, नियन्त्रणमुखी, शोषण गर्ने र नैतिक रूपमा खोक्रो नेतृत्व अस्वीकार गरिरहेको हो । यो कुनै पुस्तागत आवेग होइन- यो एउटा मानवीय चेतनाको उठान हो, जसले विश्वभर नेतृत्वको भाषा र व्यवहार दुवैलाई पुन:परिभाषित गर्न बाध्य बनाइरहेको छ । जेन-जी संकटको युगमा हुर्किएको पुस्ता हो । जलवायु परिवर्तनको समाचारले उनीहरूलाई डर देखायो, महामारीले उनीहरूको पढाइ र सपना अस्तव्यस्त बनायो, युद्धका दृश्यले उनीहरूको हृदयलाई कठोर बनायो र आर्थिक अनिश्चितताले घरभित्रका कुराकानीलाई तिक्त बनायो । अघिल्ला पुस्ताले इतिहासका पानामा पढेका संकटलाई यो पुस्ताले मोबाइल स्क्रिनमा प्रत्यक्ष देख्यो । स्थायित्व र सुरक्षाको वाचा गर्ने राज्य, बजार र संस्थाहरूले बारम्बार असुरक्षा मात्र दिएको अनुभव उनीहरूले सँगाले । उनीहरूले देखे- दिगोपनको भाषण गर्दै श्रमिक शोषण हुन्छ, शान्तिका नाममा द्वन्द्वबाट लाभ उठाइन्छ, समावेशिताको भाषण गर्दै शक्ति केही सीमित समूहमा थुपारिन्छ । त्यसैले आज उमेर, पद र हैसियत मात्र नेतृत्वको वैधताको आधार बन्न सक्दैन । यो पुस्ता नेतृत्वबाट उद्देश्य, सहानुभूति, पारदर्शिता र जवाफदेहिता माग्छ । उनीहरू आज्ञा मान्न तयार छन्, तर केवल त्यस्तो नेतृत्वको, जसले मानव मर्यादा, सामाजिक न्याय र भविष्यप्रतिको जिम्मेवारीलाई केन्द्रमा राख्छ । उनीहरूलाई 'कडा हात' होइन, 'खुला मन' चाहिन्छ, ' आदेश' होइन, 'अर्थ' चाहिन्छ ।

यही कारण जेन-जीद्वारा नेतृत्व गरिएका आन्दोलनहरू अघिल्ला पुस्ताका आन्दोलनभन्दा स्वरूप र आत्मामा फरक देखिन्छन् । यी आन्दोलनहरू केन्द्रविहीन छन्, मूल्य-आधारित छन्, भावनात्मक रूपमा सचेत छन् र गहिरो नैतिक चेतनाले निर्देशित छन् । उनीहरू 'को सत्तामा छ ?' भन्ने प्रश्नमा सीमित हुँदैनन् । उनीहरूको मूल प्रश्न हुन्छ- 'किन सत्तामा छन् र त्यो सत्ता कसका लागि प्रयोग भइरहेको छ ?' यही प्रश्नले राज्य मात्र होइन, निजी क्षेत्र, कर्पोरेट संस्था, विश्वविद्यालय र सामाजिक संरचनालाई समेत गहिरो आत्मपरीक्षण गर्न बाध्य बनाएको छ । यो विद्रोहको संकेत होइन, यो संस्थागत स्वास्थ्यको संकेत हो । जहाँ प्रश्न उठ्न छाड्छ, त्यहाँ पतन सुरु हुन्छ । जेन-जीका आवाज अव्यवस्थाका निम्तो होइनन्, ती प्रणाली सुधारका लागि आएका चेतावनी हुन् । त्यसलाई समयमै सुन्ने हो भने सुधार सम्भव छ । अझ महत्त्वपूर्ण कुरा, उनीहरूको असहमति प्राय: 'ध्वंस' होइन, ' निर्माण' चाहने हृदयबाट आउँछ । उनीहरू भन्छन्- हामीसँग शक्ति छैन, तर सत्य बोल्ने साहस छ । हामीसँग पद छैन, तर भविष्यको चिन्ता छ । नेपाली सन्दर्भमा पनि यही चित्र अझ तीक्ष्ण भएर देखिन्छ । नेपालका जेन-जी विश्वव्यापी प्रवाहबाट अलग छैनन् । भ्रष्टाचार, सुशासनको अभाव, रोजगारीमा असुरक्षा, वैदेशिक पलायन, जलवायु न्याय र शैक्षिक संस्थामा सम्मानजनक व्यवहारको माग गर्दै नेपाली युवाहरू झन् संगठित र मुखर बन्दै गएका छन् । उनीहरूलाई अघिल्ला पुस्ताबाट अलग बनाउने तत्त्व क्रोध होइन, स्पष्टता र चेतना हो । उनीहरू व्यक्तिलाई मात्र होइन, संरचनालाई प्रश्न गर्छन् । नीतिगत कमजोरीभन्दा पर गएर संरचनागत असमानता औंल्याउँछन् । तर दक्षिण एसियामा गहिरो रूपमा जरा गाडेको नेतृत्व संस्कृतिले अझै पनि अधिकारलाई नियन्त्रणसँग र वरिष्ठतालाई बुद्धिमत्तासँग जोडिरहेको छ । कार्यस्थल, विश्वविद्यालय, राजनीतिक दल र सामाजिक संस्थामा युवाहरू आफूलाई सुन्ने होइन, नियन्त्रण गर्ने, मार्गदर्शन गर्ने होइन, अनुशासन थोपर्ने नेतृत्वको सामना गरिरहेका छन् । जब संवादको सट्टा दमन आउँछ, तब विरोध अपरिहार्य बन्छ । नेपालमा यो प्रतिरोध कहिले 'क्याम्पस राजनीति' को बहसमा, कहिले 'रोजगारी' को मागमा, कहिले 'सार्वजनिक सेवा' को सुधारमा, त कहिले सामाजिक सञ्जालको तीव्र प्रश्नोत्तरमा देखिन्छ । यसलाई युवाको 'जिद्दीपन' भनेर हेला गर्नु भनेको संस्थागत वास्तविकताप्रति आँखा चिम्लिनु हो । किनभने आजको युवा केवल आफ्नो भविष्यका लागि होइन, आफ्ना अभिभावक, आफ्ना समुदाय र देशकै भविष्यका लागि चिन्तित छ । उनीहरूलाई 'थाहा छैन' भनेर हाँस्नु सजिलो छ, तर उनीहरूको प्रश्न सुन्नु कठिन यद्यपि आवश्यक काम हो । यहीँबाट मूल सत्य स्पष्ट हुन्छ- आजको संकट युवाको व्यवहारमा छैन । यो नेतृत्वको दर्शनमा आएको संकट हो । दशकौंदेखि राजनीति, कर्पोरेट क्षेत्र र संस्थागत नेतृत्वमा आदेश, नियन्त्रण, दक्षता र आज्ञापालनलाई

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## बोन्डी गोलीकाण्डपछि अस्ट्रेलियामा यहुदी विरोधीमाथि राष्ट्रिय छानबिन



*काठमाडौं,२४ पुस ।*

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले बोन्डी बिचमा आयोजित यहुदी धार्मिक पर्वका क्रममा भएको सामूहिक गोलीकाण्डपछि देशभर बढ्दै गएको यहुदीविरोध (एन्टिसेमिटिज्म) को विस्तृत राष्ट्रिय अनुसन्धानको घोषणा गरेका छन् । उक्त घटनामा दुई बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा १५ जनाको ज्यान गएको थियो । प्रधानमन्त्री अल्बानिजका अनुसार यो अनुसन्धान शाही आयोगका रूपमा सञ्चालन हुनेछ, जुन अस्ट्रेलियामा सम्भव सबैभन्दा उच्चस्तरीय र स्वतन्त्र सार्वजनिक छानबिन मानिन्छ । बिहीबार क्यानबेरामा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले आयोगको नेतृत्व उच्च अदालतकी पूर्वन्यायाधीश भर्जिनिया बेलले गर्ने जानकारी दिए । उनका अनुसार आयोगले अस्ट्रेलियामा यहुदीविरोधको प्रकृति, यसको व्यापकता र यसलाई बढावा दिने कारकहरूबारे गहिरो अध्ययन गर्नेछ । साथै, बोन्डी बिचमा भएको सामूहिक गोलीकाण्डका पृष्ठभूमि, परिस्थितिहरू र त्यससँग जोडिएका कारणहरूको समेत विस्तृत अनुसन्धान गरिनेछ ।
आयोगले कानून कार्यान्वयन सुधार, सामाजिक एकता मजबुत बनाउने उपाय तथा चरमपन्थको फैलावट रोक्ने रणनीतिबारे सिफारिसहरू पनि प्रस्तुत गर्नेछ । हनुक्का पर्व मनाइरहेका बेला सिड्नीको एक प्रमुख स्थानमा भएको उक्त आक्रमणको एक वर्ष पूरा हुने मिति डिसेम्बर १४ भित्र आयोगले आफ्नो प्रतिवेदन सार्वजनिक गर्ने प्रधानमन्त्री अल्बानिजले बताए । 'यो स्पष्ट रूपमा यहुदीविरोधी आतङ्कवादी आक्रमण थियो', प्रधानमन्त्री अल्बानिजले भने, 'यो यहुदी अस्ट्रेलियाली समुदायलाई लक्षित थियो र इस्लामिक स्टेट समूहबाट प्रेरित थियो । अस्ट्रेलियाको भूमिमा यस प्रकारको यो अहिलेसम्मकै सबैभन्दा घातक आक्रमण हो ।'
उक्त घटनाका जीवित संदिग्ध २४ वर्षीय नावीद अकरममाथि हत्या र आतङ्कवादसहित दर्जनौं आपराधिक अभियोग दर्ता गरिएको छ । उनले अहिलेसम्म अभियोग स्वीकार वा अस्वीकारसम्बन्धी निवेदन दिएका छैनन् । घटनाका क्रममा उनका पिता साजिद अकरमलाई प्रहरीले गोली हानेर मारिएको थियो । यसअघि न्यु साउथ वेल्स राज्यस्तरीय अनुसन्धानको सट्टा राष्ट्रिय शाही आयोग गठन गर्न राजनीतिक दलका सांसदहरू, यहूदी समुदायका नेताहरू तथा खेलकुद र सार्वजनिक क्षेत्रका प्रभावशाली व्यक्तित्वहरूले हप्तौँदेखि दबाब दिँदै आएका थिए । प्रारम्भमा प्रधानमन्त्री अल्बानिजले यति ठूलो अनुसन्धान लामो समय लाग्ने भन्दै हिचकिचाहट देखाएका थिए । तर बिहीबार उनले दबाबका कारण आफ्नो धारणा बदलेको भन्ने आरोपलाई अस्वीकार गरे । 'मैले जनताको आवाज सुनेको छु', उनले भने, 'लोकतन्त्रमा यो सकारात्मक कुरा हो ।' प्रधानमन्त्री अल्बानिजले गोलीकाण्डलगत्तै अस्ट्रेलियाका सुरक्षा र कानून प्रवर्तन निकायहरूले सुरु गरेको अनुसन्धान शाही आयोगकै प्रक्रियामा समेटिने जानकारी दिए । साथै, उनले घटनापछि नयाँ विधायी एजेन्डा अघि बढाउने योजना पनि सार्वजनिक गरेका छन् ।
यसमा अस्ट्रेलियाका पहिले नै कडा बन्दुकसम्बन्धी कानूनहरूलाई थप कडा बनाउने र तथाकथित घृणा फैलाउने अभिव्यक्तिलाई आपराधिक कसुरका रूपमा परिभाषित गर्ने प्रावधान समावेश हुने बताइएको छ, जुन हालका कानूनमा अभियोजनका लागि पर्याप्त कडा नभएको सरकारको ठहर छ ।

## यमन नेता तस्करीको आरोपले साउदी-युएई तनाव

*काठमाडौं,२४ पुस ।*

साउदी अरेबियाले संयुक्त अरब इमिरेट्स (युएई) ले यमनमा राजद्रोहको आरोप खेपिरहेका एक पृथकतावादी नेतालाई गोप्य रूपमा देशबाट बाहिर निकालेर अबुधाबी पुऱ्याएको गम्भीर आरोप लगाएको छ । यस आरोपले यमन युद्धका क्रममा सहकार्य गर्दै आएका खाडीका दुई शक्तिशाली छिमेकी राष्ट्रबीचको सम्बन्ध थप तनावपूर्ण बनेको छ ।
साउदी सेनाले बिहीबार जारी गरेको विज्ञप्तिमा दक्षिणी ट्रान्जिसनल काउन्सिल (एसटिसी) का नेता ऐदारस अल-जुबैदी डुङ्गामार्फत यमनबाट सोमालिया पुगेको र त्यहाँबाट युएईका अधिकारीहरूले उहाँलाई एमिरेट्सको राजधानी अबुधाबी लगेको दाबी गरिएको छ ।
युएईलाई एसटिसीको प्रमुख समर्थकका रूपमा हेरिँदै आएको छ, जसले हालै यमनका केही दक्षिणी प्रान्तमा आफ्नो प्रभाव विस्तार गर्दै अलगावको तयारी गरिरहेको देखिन्छ । साउदी सेनाका प्रवक्ता मेजर जनरल तुर्की अल-मल्कीले युएईका एक मेजर जनरल नै यस कथित भाग्ने कार्यमा संलग्न रहेको उल्लेख गरे । उनले प्रयोग गरिएको इल्युसिन इल-७६ विमान इथियोपिया, लिबिया र सोमालिया जस्ता द्वन्द्वग्रस्त क्षेत्रमा प्रयोग हुँदै आएको दाबी पनि गरे ।
साउदी पक्षले यसअघि युएईले ती क्षेत्रमा हतियार आपूर्ति गरेको आरोप लगाउँदै आएको छ । यद्यपि युएईले ती आरोपहरू अस्वीकार गर्दै आएको छ र यस घटनाबारे तत्काल औपचारिक प्रतिक्रिया दिएको छैन । युएईको विदेश मन्त्रालय र एसटीसी दुवैले एपीको प्रतिक्रिया अनुरोधमा तुरुन्त जवाफ दिएका छैनन् । एसटिसीले भने बुधबारसम्म अल-जुबैदी एडनमै रहेको दाबी गरेको थियो । दक्षिणी यमन सन् २०२२ देखि अल-जुबैदीसहितको समूह राष्ट्रपति नेतृत्व परिषद् अन्तर्गत सञ्चालन हुँदै आएको थियो । तर यसै साता परिषद्ले उनलाई पदबाट हटाउँदै साउदी अरेबियामा वार्ताका लागि जान अस्वीकार गरेपछि देशद्रोहको आरोप लगाएको छ । यस कदमलाई साउदी अरेबियाले एसटिसीविरुद्ध लिएको कडा अडानको संकेतका रूपमा हेरिएको छ । लाल सागर र एडनको खाडीको सङ्गमस्थलमा रहेको यमनमा वर्षौंदेखि जारी युद्धमा लडाकू र सर्वसाधारण गरी एक लाख ५० हजारभन्दा बढी मानिसको ज्यान गइसकेको छ ।
यसले विश्वकै गम्भीर मानवीय संकटमध्ये एक सिर्जना गरेको छ । यता, इरान समर्थित हुथी विद्रोहीहरूले गाजा युद्धको सन्दर्भमा अन्तर्राष्ट्रिय ढुवानीमाथि आक्रमण बढाएपछि विश्व व्यापारमा समेत असर परेको छ । यस विवादका बीच साउदी अरेबिया र युएईबीचको आर्थिक तथा क्षेत्रीय प्रतिस्पर्धा अझ चर्किने संकेत देखिएको छ । दुवै देश ओपेकका सदस्य र नजिकका साझेदार भए पनि यमन युद्ध पछिल्ला दशककै सबैभन्दा गम्भीर द्वन्द्वका रूपमा उभिएको विश्लेषकहरू बताउँछन् ।

## ग्रिनल्यान्डबारे रुबियो-डेनमार्क वार्ता तय

*काठमाडौं,२४ पुस ।*

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले अर्को हप्ता डेनमार्कका अधिकारीहरूसँग भेट गरी ग्रिनल्यान्डप्रति अमेरिकाको चासोबारे छलफल गर्ने योजना बनाएको बताएका छन् । राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले रणनीतिक आर्कटिक टापु ग्रिनल्यान्ड नियन्त्रणमा लिनुपर्ने धारणा दोहोऱ्याइरहेका बेला यो भेट हुन लागेको हो । भेनेजुएलाका पूर्व नेता निकोलस मदुरोको नियन्त्रणपछि राष्ट्रपति ट्रम्पले आर्कटिक क्षेत्रमा चीन र रुसबाट बढ्दो चुनौतीलाई कारण देखाउँदै विश्वकै सबैभन्दा ठूलो टापु अमेरिकाको सुरक्षाका लागि आवश्यक भएको तर्क पुनः अघि सारेका छन् ।डेनमार्कका विदेशमन्त्री लार्स लोक्के रासमुसेन र ग्रिनल्यान्डकी विदेश मामिला प्रमुख भिभियन मोत्जफेल्टले रुबियोलाई भेट्न अनुरोध गरेका थिए । यसअघि गरिएका प्रयास सफल नभएको ग्रिनल्यान्डको सरकारी वेबसाइटमा जनाइएको छ । रुबियोले अमेरिकी सांसदहरूलाई जानकारी दिँदै प्रशासनको प्राथमिकता सैन्य बल प्रयोग नभई अन्ततः ग्रिनल्यान्ड खरिद गर्ने रहेको बताएका थिए । क्यापिटल हिलमा गरिएको वर्गीकृत ब्रिफिङका क्रममा उनले राष्ट्रपति ट्रम्पले पहिलो कार्यकालदेखि नै ग्रिनल्यान्ड अधिग्रहणबारे सोच्दै आएको र यस विषयमा विचार गर्ने पहिलो अमेरिकी राष्ट्रपति ।

## ढिलो न्यायले............

अदालतले आपत्कालीन निवेदन तथा सर्किट न्यायाधीशको शक्तिअन्तर्गत मृत्युदण्ड रोक, तत्काल आदेश, अस्थायी रूपमा अवैध काम रोक्ने आदेश र सार्वजनिक हकका मुद्दा तुरुन्त सुनेको परम्परा छ । यस्ता अभ्यासले न्यायमा ढिलाइ हुनबाट रोक्ने र न्यायालयप्रति विश्वास वृद्धि गर्ने काम गर्दछ । तसर्थ यस्तो इजलासको अभ्यासले शीघ्र न्यायको सिद्धान्तलाई आत्मसात् गर्दै स्वच्छ सुनुवाइको हकलाई पनि सुनिश्चित गर्दछ ।आजको यथार्थ के हो भने जिल्ला र उच्च अदालतहरूमा आपत्कालीन प्रकृतिका मुद्दा पनि नियमित इजलासकै पर्खाइमा महिनौं अल्झिन्छन् । थुनामा रहेका व्यक्तिको बन्दीप्रत्यक्षीकरण रिट ढिला सुनुवाइ हुनु, घरेलु हिंसा, बालअधिकार, जबर्जस्ती, बेपत्ता, यातना वा तत्काल कार्यान्वयन आवश्यक पर्ने अन्तरिम आदेशका विषयहरू समयमै टुंगो नलाग्नुले न्यायको उद्देश्य नै कमजोर बनाइरहेको छ । यसले केवल पीडितलाई मात्र होइन, समग्र न्याय प्रणालीप्रति नागरिकको भरोसालाई चोट पुऱ्याउँछ । न्यायमा पहुँच केवल अदालतको ढोका खुला हुनु होइन, समयमै सुनुवाइ र निर्णय पाउनु हो । यही अवधारणालाई संस्थागत गर्न आपत्कालीन बेञ्चको आवश्यकता देखिन्छ । आपत्कालीन बेञ्च भन्नाले असाधारण परिस्थितिमा मात्र होइन, जीवन, स्वतन्त्रता, मानवीय गरिमा र संवैधानिक संरचनासँग प्रत्यक्ष सम्बन्धित मुद्दामा तत्काल सुनुवाइ गर्ने विशेष न्यायिक संयन्त्र हो । यस्तो बेञ्च सर्वोच्च अदालतमा मात्र सीमित नराखी उच्च अदालत र आवश्यक परे जिल्ला अदालतसम्म पनि स्पष्ट कानुनी आधारसहित विस्तार गरिनु आवश्यक छ । नेपालको सर्वोच्च अदालतको नजिरहरूमा पनि 'शीघ्र न्याय' को महत्त्व बारम्बार स्वीकार गरिएको छ । अदालतले विभिन्न फैसलामा ढिलो न्यायले मौलिक हकको उल्लंघन हुने स्पष्ट गरेको छ । तर नजिर र व्यवहारबीचको खाडल अझै मेटिन सकेको छैन । यही खाडल पूरा गर्न आपत्कालीन बेञ्चलाई विवेकाधीन होइन, नियमबद्ध र पूर्वनिर्धारित संयन्त्रका रूपमा विकास गर्नुपर्ने आवश्यकता छ । साभार ईकान्तिपुर ।

## नेतृत्वलाई प्रश्न.........

सर्वोच्च मूल्य मानियो । छोटो अवधिमा यसले केही नतिजा दिए पनि दीर्घकालमा यसले थकान, असमानता, वातावरणीय विनाश र मानवीय दूरता जन्मायो । कार्यस्थलमा मानसिक स्वास्थ्य संकट बढ्नु, युवामा निराशा गहिरिनु र संस्थाप्रति विश्वास घट्नु- यी सबै त्यसैको परिणाम हुन् । जब संस्थाले मानिसलाई केवल 'उत्पादन गर्ने इकाइ' वा 'अनुशासित संसाधन' बनाउँछ, तब सिर्जनशीलता मर्छ र प्रतिबद्धता कमजोर हुन्छ । जेन-जीले नेताबाट पूर्णता खोजिरहेका छैनन् । उनीहरू मानवता, इमानदारी र जवाफदेहिता खोजिरहेका छन् । यहीँबाट रूपान्तरणकारी र सेवक नेतृत्व शैक्षिक अवधारणाबाट बाहिर निस्केर व्यावहारिक र नैतिक आवश्यकता बन्छन् । रूपान्तरणकारी नेतृत्वको सार सरल छ- नेता 'स्थिति जोगाउने' होइन, 'दृष्टि निर्माण गर्ने' व्यक्ति हो । यस्तो नेतृत्वले संस्थालाई अल्पकालीन लाभ, लोकप्रियता वा शक्ति सन्तुलनभन्दा माथि उठाएर साझा उद्देश्यतर्फ उन्मुख गराउँछ । साभार ईकान्तिपुर ।

## सशस्त्र प्रहरी दिवस.....

सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले दिवसको अवसरमा मानवीय सहायताअन्तर्गत न्यानो कपडा वितरण गरिएको जानकारी दिए ।
यसैक्रममा सशस्त्र प्रहरीले बीरगन्ज महानगरपालिका-१, छपकैयाँस्थित बविता पराजुली आधारभूत विद्यालयको प्राङ्गणमा निःशुल्क आँखा शिविर सञ्चालन गरेको छ ।
शिविरबाट ७८ जना स्थानीय बासिन्दाले आँखा परीक्षण तथा परामर्श सेवा लिएको जनाइएको छ ।
सशस्त्र प्रहरी दिवसका अवसरमा गरिएको यी कार्यक्रमहरूले समुदायसँगको सहकार्य र सामाजिक उत्तरदायित्वलाई थप मजबुत बनाएको सशस्त्र प्रहरीको भनाइ छ ।

# स्वास्थ्य

## प्रसूति हिंसा रोक्न कानुन कार्यान्वयनमा जोड




सम्मानजनक प्रसूति, प्रसूति हिंसा र मानवअधिकार संरक्षणका लागि कानुन आवश्यक रहेको सरोकारवालाले बताएका छन् । बिहीबार महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) ले आयोजना गरेको छलफल कार्यक्रममा यसबारे छलफल भएको हो । छलफलमा गर्भावस्था, सुत्केरी हुने प्रक्रिया तथा सुत्केरीपछिको अवधिमा महिलाको गरिमा, आत्मनिर्णयको अधिकार तथा मानवअधिकारको संरक्षण गर्न कानुन आवश्यक रहेको धारणा सहभागीहरूले राखे । सम्मानजनक प्रसूति, प्रसूति हिंसा र मानवअधिकारका विषय सुन्दा सामान्य लाग्ने भए पनि समाजका लागि गम्भीर विषय भएको एफडब्लुएलडीका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले बताए । यो गम्भीर विषयमा अध्ययन सीमित भएको उनको भनाइ छ । सबै प्रकारका महिला हिंसाविरुद्धको महासन्धी (सिड) को सातौं आवधिक प्रतिवेदनले समेत दुई वर्षभित्र प्रसूति हिंसाविरुद्ध कानुन निर्माण गर्न सिफारिस गरेको निर्देशक श्रेष्ठले जानकारी दिए । सिडले सातौं आवधिक प्रतिवेदनमा दिएको सुझावमा भनेको छ, 'प्रसवको समयमा गर्भवती महिलाको सुरक्षा सुनिश्चित गर्ने कानुनी तथा नीतिगत उपायहरु कार्यान्वयन गर्नू, साथै प्रस्तूति सम्बन्धी हिंसा तथा महिला र किशोरीहरुप्रति हुने तथा लैगिक भेदभावको समाधान गर्नू ।' सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ ले सम्मानजनक प्रसूति, प्रसूति हिंसा र मानवअधिकारलाई समेट्न नसकेको बताए । छलफलको उद्देश्यबारे प्रकाश पार्दै निर्देशक श्रेष्ठले भने, 'गर्भावस्थाबाट सुरु हुने यो प्रकृयालाई सम्मानजनक, हिंसारहित र मानवअधिकारसहित बनाउन कानुन निर्माणमा ढिलाइ गर्न हुँदैन ।'
सम्मानजनक प्रसूति, प्रसूति हिंसा र मानवअधिकारका विषयमा अहिलेसम्म नेपालमा भएको अध्ययनले देखाएको तथ्यांक एफडब्लुएलडीका अधिवक्ता दिपेश श्रेष्ठले प्रस्तुत गरेका थिए । उनको प्रस्तुतीमा नेपालमा सम्मानजनक प्रसूति सेवामा शारीरिक यातना वा हिंसा १ प्रतिशतले पाएको, विभेदपूर्ण व्यवहार ६ प्रतिशतमा भएको र २३ प्रतिशत गाली र अपमानजक व्यवहार गरिएको पाइएको उल्लेख छ । विश्वभर गर्भवती महिलामध्ये एकतिहाइभन्दा बढीले घरेलु हिंसाको अनुभव गरेको र यो अवस्थामा मानसिक तनाव, गर्भपतन, कम तौलमा शिशु जन्मिने तथा प्रसूति पूर्व जाँच ढिलो हुने जस्ता समस्यासँग सम्बन्धित रहेको अधिवक्ता श्रेष्ठले प्रस्तुत गरेको तथ्यांकमा उल्लेख छ । नेपालको संवैधानिक, कानुनी तथा नीतिगत संरचनाले प्रत्येक महिलालाई सुरक्षित मातृतत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरेको छ । यसैगरी सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ र जनस्वास्थ्य सेवा ऐन, २०७५ ले महिलालाई स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चित गरेको अधिवक्ता श्रेष्ठले प्रस्तुतिमा उल्लेख गरेका छन् । यसैगरी व्यक्तिगत गोपनीयता सम्बन्धी ऐन, २०७५ र अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ ले प्रजनन स्वास्थ्यलाई सम्बोधन गरेको अधिवक्ता श्रेष्ठले बताए ।
छलफल कार्यक्रममा स्वास्थ्यकर्मी, सेवा प्रदायक संस्था र राज्यको भूमिकाबारे पनि चर्चा भएको थियो । स्वास्थ्यकर्मीले संवेदनशीलता र सम्मान तथा सेवा प्रदान गर्नुपर्ने, जबरजस्ती, उपेक्षा तथा वाचिक दुर्व्यवहार गर्न नहुने, प्रणालीगत सुधार तथा सेवाग्राहीका अधिकारको पक्षमा वकालत गर्नुपर्ने धारणा सहभागीहरूले राखे ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# प्रतिनिधिसभा निर्वाचनका लागि एमाले बाराद्वारा २८ जनाको नाम सिफारिस




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२४ पुस ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि नेकपा एमाले बारा जिल्लाले प्रत्यक्षतर्फ २८ जना उम्मेदवारको नाम सिफारिस गरेको छ । जिल्ला अध्यक्ष अद्यानन्द पाण्डेका अनुसार बारामा रहेका चारवटै संघीय निर्वाचन क्षेत्रका लागि क्षेत्रगत रूपमा २१ जना र निर्वाचन क्षेत्र नतोकी थप ७ जनाको नाम सिफारिस गरिएको हो । सिफारिस सूचीमा ११औं महाधिवेशनबाट निर्वाचित तथा पराजित नेताहरू, प्रदेशसभा सदस्य र अनुभवी राजनीतिज्ञहरू समेटिएका छन् । निर्वाचन क्षेत्र नम्बर १ बाट अच्युत मैनाली, पुरुषोत्तम पौडेल, धनमाया चौधरी, थानेश्वर सापकोटा, पुरन चौधरी, सुदामादेवी राम र त्रिलोकी चौधरी सिफारिसमा परेका छन् । निर्वाचन क्षेत्र नम्बर २ का लागि बलवीर चौधरी, अमरदेवप्रसाद यादव, मखन पासवान, सत्यपाल यादव, राजेशप्रसाद साह, कौशलकिशोर सिंह, गौरीशंकरप्रसाद यादव र महपतिया देवी दुसादिनको नाम अघि सारिएको छ । त्यसैगरी निर्वाचन क्षेत्र नम्बर ३ बाट अद्यानन्द पाण्डे, एम. समिउल्लाह र सीमा ठकुरी तथा निर्वाचन क्षेत्र नम्बर ४ बाट अमरदेव यादव, कृष्णकुमार श्रेष्ठ र सीता गुरुङ सिफारिस भएका छन् । यसैबीच, निर्वाचन क्षेत्र नतोकी जिल्ला सचिवालयको सिफारिसमा ज्वालाकुमारी साह, गायत्री देवी, सीता सुवेदी, टिना सुवेदी, प्रतिमा यादव, रविन्द्र दास बनियाँ र फुलेना राउत अहिरको नाम पनि सूचीमा समावेश गरिएको छ । पटक-पटक मन्त्री भइसकेकी र यसअघि निर्वाचन क्षेत्र नम्बर ३ बाट निर्वाचित ज्वालाकुमारी साह क्षेत्रीय सिफारिसमा नपरेपछि सचिवालयको सुझावमा क्षेत्र नतोकी सिफारिसमा परेकी हुन् । अध्यक्ष केपी शर्मा ओली निकट मानिने साह ११औं महाधिवेशनबाट एमाले केन्द्रीय सदस्यमा निर्वाचित भएकी थिइन् ।

# केपी ओलीको दाबीः भगवान् रामको जन्मभूमि वीरगञ्जभन्दा पश्चिम ठोरी क्षेत्रमा



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२४ पुस ।**

क्षेत्रमा रहेको दाबी पुनः दोहोऱ्याएका छन् । उनले शास्त्रीय तथा ऐतिहासिक आधारका आधारमा रामको जन्मस्थल वीरगञ्जभन्दा पश्चिम ठोरी आसपास पर्ने जिकिर गरेका हुन् ।

नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठनको ३५औं स्थापना दिवसका अवसरमा बुधबार काठमाडौंमा आयोजित विचार गोष्ठी तथा समारोहलाई सम्बोधन गर्दै ओलीले प्राचीन शास्त्र र ऐतिहासिक अभिलेखमा उल्लेख भएका विवरणलाई उद्धृत गरे । "शास्त्रअनुसार राम जन्मिएको भू-भाग वीरगञ्जभन्दा पश्चिमतिर पर्छ, त्यो क्षेत्र आजको ठोरी हो," उनले भने, "अहिले माडी भनिने ठाउँ त्यस समय अस्तित्वमै थिएन ।" आफ्नो भनाइलाई पुष्टि गर्दै ओलीले पाँचौं शताब्दीमा नेपाल भ्रमण गरेका चिनियाँ यात्री फाहियानको यात्रा विवरण उल्लेख गरे । फाहियानले सन् ४३५ तिर लेखेको ग्रन्थमा रामग्राम र राम जन्मभूमिको चर्चा भएको भन्दै ओलीले चिनियाँ उच्चारणका कारण ठोरीलाई 'लोली' वा 'लोरी' भनिएको हुन सक्ने तर्क प्रस्तुत गरे । ओलीले आपूले उठाएको विषय कुनै राजनीतिक उद्देश्य वा कुनै देशविरुद्ध लक्षित नभई शास्त्र अध्ययनबाट प्राप्त निष्कर्ष मात्र भएको स्पष्ट पारे । उनले यसअघि प्रधानमन्त्री रहँदा पनि अयोध्या नेपालकै भूभाग ठोरी क्षेत्रमा पर्ने दाबी गर्दै आएका थिए । कार्यक्रममा ओलीले देशको समग्र अवस्थाबारे पनि धारणा राखे । वर्तमान अवस्था चुनौतीपूर्ण भए पनि निराश हुन नहुने उनको भनाइ थियो । लामो ऐतिहासिक यात्राबाट गुज्रिएको नेपालले अनेक कठिनाइ पार गर्दै अघि बढेको उल्लेख गर्दै उनले 'देश पछाडि गयो' भन्ने भाष्यलाई अस्वीकार गरे ।

उनले औद्योगिकीकरण, नीति सुधार र नयाँ स्रोतको प्रयोग बढ्दै गएको बताउँदै नेपाल स्थिर अवस्थामा नरही परिवर्तनको प्रक्रियामा अघि बढिरहेको दाबी गरे । "व्यवस्था परिवर्तनसँगै अवस्था पनि क्रमशः परिवर्तन हुँदैछ," ओलीले भने ।

# बाबुको पहिचान नखुलेकालाई आमाको नामबाट नागरिकता दिने बाटो खुला



**काठमाडौं,२४ पुस ।**

सरकारले नयाँ नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ लागू गर्दै बाबुको पहिचान नखुलेकाले आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था औपचारिक रूपमा अघि बढाएको छ । नेपाल नागरिकता ऐन, २०६३ अन्तर्गत आमाबाट जन्मिएका सन्तानले नागरिकता पाउन सजिलो बनाउन बनाइएको नेपाल नागरिकता (दोस्रो संशोधन) ऐन, २०८२ गत असोज ५ गते राष्ट्रपति कार्यालयबाट प्रमाणीकरण भएको थियो । यस संशोधन ऐन कार्यान्वयनमा ल्याउन चारवटा महत्वपूर्ण प्रावधानसहित नियमावलीमा चौथो संशोधन गरिएको हो । नियमावलीको संशोधन पुस ११ गते मन्त्रिपरिषद्बाट स्वीकृत भई पुस २१ गते नेपाल राजपत्रमा प्रकाशित भएपछि ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्रमार्फत कार्यान्वयनका लागि निर्देशन दिइएको छ । **नयाँ व्यवस्थाअनुसार मुख्य सुविधाः** बाबु वा आमामध्ये एकले जन्मको आधारमा नेपाली नागरिकता पाएको तर अर्को नागरिकता नपाउँदै मृत्यु भएको वा सम्पर्कविहीन सन्तानले आवश्यक प्रक्रिया पूरा गरेपछि अंगीकृत नागरिकता पाउन सक्ने ।

नेपाली आमाबाट विदेशमा जन्मिएका, बाबुको पहिचान खुल्न नसकेको र नेपालमा स्थायी बसोबास गर्ने सन्तानले पनि प्रक्रिया पूरा गरे नागरिकता पाउन सक्ने । नागरिकता जारी गर्दा स्वघोषणा प्रमाणलाई एक महत्त्वपूर्ण आधार मानिने व्यवस्था गरिएको छ । प्रमुख जिल्ला अधिकारीलाई अब नागरिकता प्रदान गर्ने अधिकार प्रत्यायोजनसहित बढी जिम्मेवार बनाइएको छ ।

न ा ब ा ल क परिचयपत्र वितरण र वैवाहिक नागरिकता प्राप्त गर्नुपर्ने विदेशी महिलासम्बन्धी विषयहरू समेत नयाँ संशोधनले समेटेको छ । यस नयाँ नियमावलीले बाबुको पहिचान नखुलेकाले आमाबाट सहजै नागरिकता पाउने बाटो खुला गरेको र नागरिकताको पहुँचलाई थप सुलभ बनाएको विश्लेषकहरूले बताएका छन् ।

# सामाजिक सञ्जाल दुरुपयोगमा ५९९ प्रहरी कर्मचारी कारबाहीमा

**काठमाडौं,२४ पुस ।**

सामाजिक सञ्जालमा संगठनको नीति विपरीत जथाभावी लेख्ने तथा अमर्यादित सामग्री पोस्ट गर्ने ५९९ जना प्रहरी कर्मचारी विभागीय कारबाहीमा परेका छन् । प्रहरी प्रधान कार्यालयका अनुसार आर्थिक वर्ष २०७७/०७८ देखि हालसम्म फेसबुक, एक्स (ट्विटर), टिकटकलगायत विभिन्न सामाजिक सञ्जालमा संगठनविरुद्ध गैरव्यावसायिक टिप्पणी गर्ने, प्रहरी पोसाक कारबाहीको दायरामा प्रहरी नायब महानिरीक्षकदेखि प्रहरी कार्यालय सहयोगीसम्म परेका छन् । कारबाहीमा पर्नेहरूमा १ जना प्रहरी नायब महानिरीक्षक, १ जना वरिष्ठ उपरीक्षक, ४ जना उपरीक्षक, ५ जना नायब उपरीक्षक, २४ जना निरीक्षक, ११ जना वरिष्ठ नायब निरीक्षक, २४ जना नायब निरीक्षक, ५१ जना सहायक निरीक्षक, ७ जना वरिष्ठ हवल्दार, ३५ जना हवल्दार, ७६ जना सहायक हवल्दार, ३५८ जना प्रहरी जवान तथा २ जना प्रहरी कार्यालय सहयोगी रहेका छन् । उनीहरूलाई संगठनको आचारसंहिता र सामाजिक सञ्जाल प्रयोगसम्बन्धी निर्देशिका उल्लंघन गरेको ठहर गर्दै सख्त चेतावनी, नसिहतदेखि बढुवा रोक्कासम्मका कारबाही गरिएको प्रहरीले जनाएको छ ।

नेपाल प्रहरीले सामाजिक सञ्जालको प्रयोगलाई मर्यादित र व्यवस्थित बनाउन २०७१ साल असोज ११ गतेदेखि सामाजिक सञ्जाल प्रयोगसम्बन्धी निर्देशिका लागू गरेको छ । साथै, २०७७ मा जारी आचारसंहितासम्बन्धी कार्यादेश तथा विभिन्न परिपत्रमार्फत प्रहरी कर्मचारीलाई हातहतियार, पोसाक, सवारी साधन र प्रहरी गतिविधिसँग सम्बन्धित भिडियो तथा तस्बिरहरू गैरव्यावसायिक र अमर्यादित ढंगले सामाजिक सञ्जालमा अपलोड गर्न कडाइका साथ निषेध गरिएको छ ।

# मकवानपुरमा फागुन २१ प्रतिनिधिसभा निर्वाचनका लागि १,९२३ म्यादी प्रहरी भर्ना हुने



**हेटौडा,२४ पुस ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई शान्तिपूर्ण र धाँधलीरहित बनाउने उद्देश्यले मकवानपुर जिल्लामा १,९२३ जना म्यादी निर्वाचन प्रहरी (भभिअतष्यल एयष्अिभ) भर्ना गरिने भएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता पुष्कर बोगटीका अनुसार भर्ना प्रक्रियाका लागि आवेदन शुक्रबारदेखि सुरु भइसकेको छ र इच्छुक उम्मेदवारले माघ १ गतेसम्म आवेदन दिन सक्ने छन् । आवेदन प्रक्रिया बिदाका दिनमा पनि खुला रहने सूचनामा उल्लेख गरिएको छ । भर्ना गरिने कुल जनसङ्ख्यामध्ये कम्तीमा ३३ प्रतिशत महिला रहने व्यवस्था गरिएको छ । निर्वाचन प्रहरी छनोटमा पूर्व सुरक्षाकर्मी, पूर्व वनरक्षक, र अघिल्लोपटक विभिन्न सुरक्षा निकायमा सेवा दिने तथा शारीरिक तन्दुरुस्ती र स्वास्थ्य परीक्षणमा उत्तीर्ण उम्मेदवारहरूलाई प्राथमिकता दिइने छ । यसैगरी, अघिल्ला निर्वाचनमा म्यादी प्रहरीका रूपमा सन्तोषजनक सेवा दिएका व्यक्तिहरू र विदेशी राष्ट्रका सुरक्षा निकायमा काम गरी सेवा निवृत्त भएका नेपाली नागरिकहरूलाई पनि प्राथमिकता दिइने सूचनामा उल्लेख छ । यसैबीच, प्रहरी प्रधान कार्यालय मानवस्रोत विकास विभाग भर्ना छनोट शाखाले देशभर १,३३,९८० जना म्यादी निर्वाचन प्रहरी माग गरिएको जानकारी दिएको छ । सरकारले आगामी प्रतिनिधिसभा निर्वाचनको तयारीका लागि देशव्यापी रूपमा भर्ना प्रक्रिया सुरु गरेको छ ।

समावेशी समाजको प्रवर्द्धनः सामाजिक उन्नतिको संवर्द्धन

❖सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवासुविधामा पहुँच बढाऔं।
❖भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपाङ्गतामैत्री बनाऔं।
❖सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं।
❖समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं।
❖अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं।
❖सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं।
❖बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं।

परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
बिन्दवासिनी गाँउपालिकाको कार्यालय, बिन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा